# श्री ३ प्रधानमन्त्री र श्रीमाननीयमन्त्रिवर्ग

१ श्री ५ महाराजाधिराजको मिलिटरी सेक्रेटरीको काम गरिरहनुभएको श्री मे. ज, योगविक्रम राणालाई निम्न लिखित कामहरू सुम्पिएको हुनाले श्री ३ प्रधानमन्त्री र श्रीमाननीय मन्त्रीहरूलाई यसबारेको सूचना गर्न श्री ५ महाराजाधिराजबाट मलाई आदेश बक्सेको छ ।

[१] श्री ५ महाराजाधिराजबाट नेपालका सरकारी कर्मचारीहरूलाई बक्सने भेट मुलाकात ।

[२] दरबारमा हुने समारोहमा गर्ने निमन्त्रणा ।

[३] दरबारमा हुने समारोहसम्बन्धी बन्दोबस्त र स्टाफसम्बन्धी आदेश ।

[४] दरबारबाहिर हुने श्री ५ महाराजाधिराजको नियुक्ति कामसम्बधी बन्दोबस्त ।

[५] खाने पिउने र दरबारको गृहस्थसम्बन्धी बन्दोबस्त ।

[६] श्री ५ महाराजाधिराजको अंग संरक्षक [ बडि गार्ड ] को खटनपटन-गर्ने काम ।

[७] श्री ५ महाराजाधिराजको सफर सवारीसम्बन्धी बरबन्दोबस्तको काम ।

[८] सुरक्षा—

[ क ] पुलीस र सैनिक बन्दोबस्तसहित श्री ५ महाराजाधिराजको गाथ गादी जायदातके सुरक्षा ।

[ ख ] श्री ५ महाराजाधिराजको दरबार हेर्ने इजाजत दिने काम ।

[९] श्री ५ महाराजाधिराजको जायदात सम्पत्तिको शासनसम्बन्धी नियन्त्रण ।

[१०] दान--दातव्य - व्यक्तिगत मानिसहरू र संस्थाहरूबाट आर्थिक मद्दतको निमित्त गरिने अनुरोध

[११] श्री ५ महाराजाधिराजको निजी कर्मचारीहरू [ स्टाफ ]।

[१२] श्री ५ महाराजाधिराजको अवैतनिक निजी कर्मचारीहरू ।

[१३] दरबारको स्याहा स्रेस्ता ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।